**औरही नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**औरही, महोत्तरी**
**कार्यपालिकाको बैठक**

आज मिति २०७७/०९/२३ गते बिहिवारका दिन यस औरही नगरपालिकाका नगर प्रमुख श्री सुनिल कुमार यादवको अध्यक्षतामा औरही नगरपालिकाको कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल गरी निम्न निर्णय पारित गरियो ।

**उपस्थिती**

| सि. नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | सुनिल कुमार यादव | नगर प्रमुख | |
| २. | रेणु झा | नगर उपप्रमुख | |
| ३. | राजकिशोर चौधरी | वडाअध्यक्ष | |
| ४. | विनोद पजियार | वडाअध्यक्ष | |
| ५. | रामकेवल यादव | वडाअध्यक्ष | |
| ६. | सियाराम राय | वडाअध्यक्ष | |
| ७. | किशोरी प्रसाद यादव | वडाअध्यक्ष | |
| ८. | नरेश यादव | वडाअध्यक्ष | |
| ९. | गणेश यादव | वडाअध्यक्ष | |
| १०. | नवलकिशोर चौधरी | वडाअध्यक्ष | |
| ११. | गौरी शंकर झा | वडाअध्यक्ष | |

| | | | |
|---|---|---|---|
| १२. | रोजाइ मंसुर | कार्यपालिका सदस्य | |
| १३. | सुरेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १४. | मिठु मोची | कार्यपालिका सदस्य | |
| १५. | मनधन देवी | कार्यपालिका सदस्य | |
| १६. | सुनिता देवी दास | कार्यपालिका सदस्य | |
| १७. | ललिता देवी साह | कार्यपालिका सदस्य | |
| १८. | रेखा देवी सदा | कार्यपालिका सदस्य | |
| १९. | सोनावती देवी | कार्यपालिका सदस्य | |
| २०. | नविन न्यौपाने | नि. प्रमुख प्राशासकीय अधिकृत | |

**प्रस्ताव :**

१. कोभिड-१९ को राहत वितरणको पेश्की फछ्यौंट गरि नपुग भएको रकम भुक्तानी सम्बन्धमा।

२. आधारभुत स्वास्थ्य सेवा संचालन सम्बन्धमा।

३. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने सम्बन्धमा।

४. विविध

**निर्णय :-**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विश्वव्यापि महामारी कोभिड-१९ को प्रभाव नेपालमा समेत परि नेपाल सरकारले गरेको बन्दाबन्दि बाट प्रत्यक्ष असर पर्न गएका असंगठित क्षेत्रका मजदुर किसानलाई यस नगर कार्यपालिकाको गत आ.व. मा भएको निर्णय अनुसार सवै (नौ) वडाका वडा अध्यक्ष ज्यूहरुले रु. ५,००,०००।- (अक्षेरेपी रु. पाच लाख मात्र) बराबरको पेश्की लिनु भएको पेश्की रकम फछ्यौंट गर्ने र सो पेश्की रकम अपर्याप्त भई प्रकोप व्यवस्थापन कोषबाट भुक्तानि गर्ने निर्णय गरियो।

५,००,०००।- (अक्षेरेपी रु. पाच लाख मात्र) बराबरको पेश्की लिन भएको पेश्की रकम फछ्यौंट गर्ने र सो पेश्की रकम अपर्याप्त भई प्रकोप व्यवस्थापन कोषबाट भुक्तानि गर्ने निर्णय गरियो।

१) वडा नं. १ मा नपुग भएको रकम रु. १,२५,०००।-

२) वडा नं. २ मा नपुग भएको रकम रु. १,२५,०००।-

३) वडा नं. ३ मा नपुग भएको रकम रु. २,५०,०००।-

४) वडा नं. ४ मा नपुग भएको रकम रु. ३,७५,०००।-

५) वडा नं. ५ मा नपुग भएको रकम रु. ३,७५,०००।-

६) वडा नं. ६ मा नपुग भएको रकम रु. ३,५०,०००।-

७) वडा नं. ८ मा नपुग भएको रकम रु. ८०,०००।-

८) वडा नं. ९ मा नपुग भएको रकम रु. १,३५,०००।-

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा २,४,५,६,७ र ८ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालन गर्नुपर्ने भएकोले सो सेवा संचालन गर्न नेपाल सरकार शशर्त अनुदानबाट जनशक्ति व्यवस्थापन र औषधी उपचारको लागि रु. ३५,००,००० (अक्षेरेपी रु. पैतिस लाख मात्र) रकम विनियोजन भएको छ। उक्त सेवा केन्द्र संचालनको लागि आवश्यक भौतिक संरचना नगरपालिका सँग नभएको तथा सो वापत भाडा रकम समेत उपलब्ध नगराएकोले उल्लेखित वडामा आधारभुत सेवा केन्द्र संचालन गर्न २ वटा रुम, १ वटा हल, खानेपानी र चर्पी समेतको व्यवस्था हुने गरि नगरपालिका आफैले भाडामा लिई व्यवस्थापन गरी सोको प्रक्रिया तत्काले अगडी बढाउने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा औरही नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ अनुसार निवेदन आएका औरही ३ को श्री विजय यादवको निखिल कन्स्ट्रक्शन औरही न.पा. ३ वस्ने प्रमिला देवी यादवको यदुवंशी कन्स्ट्रक्सन, औरही न.पा. २ बस्ने श्याम किशोर यादवको सत्यम कन्स्ट्रक्सन लाई सार्वजनिक निर्माण कार्यका लागी 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा वडा नं. १ मा बस्ने लालकिशोर साह रोनियारको छोरा महेश कुमार साह रोनियारको २ तल्ले भवन मिति २०७७/०८/०७ गतेका दिन विद्युत सर्ट भई आगलागी हुदाँ उक्त भवनमा रहेको अम्बिका जेनरल स्टोर्समा रहेका सम्पूर्ण समाग्री तथा भवन समेतमा क्षती भएकोले निजलाई क्षतिपुर्ति वापत रकम रु ९०,०००।- (अक्षेरेपी रु. नब्बे हजार मात्र) आर्थिक सहायता दिने निर्णय गरियो।

- कार्यपालिका सदस्य मन्धन देवीका श्रीमान श्री चन्देश्वर मन्धनको मृत्यु भएकोले उहाँ प्रति हार्दिक श्रद्धान्जली तथा शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दै क्रिया खर्च वापत रु ९०,०००।- (अक्षेरेपी रु. नब्बे हजार मात्र) रकम यस नगरपालिकाले सहयोग गर्ने निर्णय गरियो।